**जातीय विभेदको अन्त्य गरौं**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछूत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ फागुन १४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 26 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १८०


## प्राधिकरण रौतहटका कर्मचारीहरू आन्दोलनमा उत्रे

प्रस, रौतहट, १३ फागुन/

नेपाल विद्युत् प्राधिकरण मौलापुर केन्द्रका सहायक इन्जिनीयर महेन्द्र चौधरीमाथि कुटपिट भएको विरुद्ध



नेपाल विद्युत प्राधिकरण केन्द
मौलापुर वितरण केन्द
मौलापुर, रौतहट

मिति : २०७९/११/१२

**कार्यालय बन्द रहने सम्बन्धी अत्यन्त जरुरी सुचना।**

साह र धिरज
मिति:२०७९/११/०५ गते शुक्रवारको दिन बिहान करिब ९:४५ बजेको समयमा त्रिभुवन साह उर्फ अमर साह र धिरज
पाण्डेको नेतृत्वमा आएको करिब २०/३० जनाको समुहले नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रको परिसरभित्र प्रवेश
गरी सो कार्यालयका सहायक ईन्जिनियर श्री महेन्द्र चौधरीलाई ने.वि.प्रा.को विनियमावली विपरित अनाधिकृत रुपमा बिना
मिटर डाईरेक्ट (हुकिङ) लाइन जडान गर्न दवाब दिदा उपरोक्त कार्य गर्न नमान्दा निज कर्मचारीलाई कुटपिट तथा गालि गलौज
गर्दै अपहरण शैलिमा जबरजस्ती चार पाङ्ग्रे गाडीमा राखेर लगी अनाधिकृत रुपमा डाईरेक्ट (हुकिङ) लाइन जडान गराएको
घटना विदितै छ। यस घटनामा संलग्न व्यक्तिहरुलाई हदै सम्मको कारवाहीको लागी प्राधिकरणको स्थानीय कार्यालय मार्फत
जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी मिति:२०७९/११/०८ गते दर्ता गराउन पेश गरेको किटानी जाहेरी हालसम्म दर्ता
समेत नभएको र सो घटनाका दोषिहरुलाई हालसम्म कुनै कारवाही नभएकोले सो घटनामा सलग्न व्यक्तीहरुलाई कारवाही
नभए सम्म यस कार्यालयबाट प्रवाह हुने अति आवश्यक सेवा बाहेक सम्पूर्ण सेवाहरु अनिशचित कालको लागी बन्द रहने
व्योहोरा जनकारी गराईन्छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति मौलापुर वितरण केन्द्र क्षमा प्राथी छौं।

नेपाल विद्युत प्राधिकरण केन्द्र
मौलापुर वितरण केन्द्र

वितरण केन्द्रको सेवा बन्द गरिएको छ। वितरण केन्द्रका कर्मचारीहरूले अनिश्चितकालका लागि कार्यालय बन्द गर्ने घोषणा गरेका हुन्।

प्रहरीले जाहेरी दर्ता नगरेको विरोधमा शनिवारदेखि आन्दोलनमा उत्रिएका कर्मचारीहरूले अति आवश्यक सेवाबाहेक सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गर्ने घोषणा गरेका छन्।

आम जनता पार्टीका नेता त्रिभुवन साह र धीरज पाण्डेको समूहले नेपाल विद्युत् प्राधिकरण मौलापुर वितरण केन्द्रका सहायक इन्जिनीयर चौधरीलाई गत शुक्रवार कुटपिट गरेको थियो। उनीहरूसहित २०–३० जनाको समूह कार्यालयभित्र प्रवेश गरी कुटपिट गरेको र जबरजस्ती डाइरेक्ट लाइन जोड्न लगाएको विरुद्धमा केन्द्रका कर्मचारीहरूले उनीहरूविरुद्ध प्रहरीमा उजूरी दिएका थिए। तर प्रहरीले उजूरी दर्ता नगरेको भन्दै आजबाट उनीहरू आन्दोलनमा उत्रेका हुन्। विद्युत् कर्मचारीहरूले दोषीउपर कारबाई नभएसम्म सेवा बन्द गर्ने बताए।

घटनाको दसी प्रमाणका रूपमा सिसिटिभी फुटेज रहेको र सो देखाउँदा पनि प्रहरीले राजनीतिक दबाबमा जाहेरी दर्ता नगरेको भन्दै कर्मचारीहरूले अत्यावश्यक सेवाबाहेक सबै सेवा बन्द गरेका छन्।

## प्रहरी संरक्षणमै खुलेआम जुवा, घरेलु मदिरा बिक्री

प्रस, पंचगावाँ, १३ फागुन/

स्थानीय प्रहरीको मिलेमतोमा पर्साको जीराभवनी मेलामा खुलेआम जुवा भइरहेको छ।

महाशिवरात्रिको दिनदेखि जीराभवानी गाउँपालिका–१ स्थित महादेव मन्दिरमा लागेको जीराभवानी मेलामा खुलेआम जुवा भइरहेको छ।

मेला समिति तथा मेला ठेकेदारले स्थानीय प्रहरीलाई प्रभावमा पारेकाले मेलामा जुवा, तास, कौडा, लङ्गरबुर्जा तथा घरेलु मदिरा बिक्री वितरण भइरहेको छ।

मन्दिर परिसरनजीक सीमा सुरक्षा बल, सशत्र प्रहरी बल बोर्डर आउट पोस्ट र इलाका प्रहरी कार्यालय, पर्टेवासुगौलीको मातहतको इप्रका, सेढवा, प्रहरी चौकी, महादेवपट्टि छन्।

मेलाको सुरक्षाको लागि सशस्त्र तथा जनपद प्रहरी परिचालन गरिएको भएपनि जुवा, तास, कौडा, लङ्गरबुर्जा खेल्न तथा घरेलु मदिरा बिक्री गर्न पूरा छुट दिइएको छ।

मेला नेपाल–भारत सीमा क्षेत्रमा लागेको कारण भारतबाट पनि जुवा र



तस्वीरः प्रतीक

मदिरासेवनका लागि ठूलो सङ्ख्यामा मानिसहरू आउँदैछन्। मेलामा जुवा तथा घरेलु मदिरा बिक्रीका कारण सुरक्षा चुनौती थपिएको स्थानीय अगुवाहरू बताउँछन्।

प्रहरीअगाडि कानूनद्वारा वर्जित गतिविधिहरू भइरहँदा स्थानीय प्रहरी मौन बस्नुले प्रहरीको पनि मिलेमतो रहेको स्थानीयको आरोप छ। मेलामा मदिरासेवन गरेर महिलाहरूसँग अभद्र व्यवहारका घटनाहरू निरन्तर भइरहेका छन्।

## सबैले खबरदारी गरौं –महानगर प्रमुख सिंह

प्रस, वीरगंज, १३ फागुन/

वीरगंज महानगरपालिकाका प्रमुख





तस्वीरः प्रतीक

राजेशमान सिंहले सबैले आआफ्नो स्थानबाट खबरदारी गर्न आह्वान गरेका छन्।

कावेरी एकेडेमीको आठौं वार्षिकोत्सवमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख सिंहले सहीलाई सही र गलतलाई गलत भयो भनेर आवाज उठाउँदै खबरदारी गर्ने हो भने सुधार आउन सक्ने बताए।

गलत गर्दा खबरदारी र सही गर्दा समर्थन गर्ने परिपाटी विकास भएको खण्डमा मात्र गलत गर्ने हिच्किचाउने र सही गर्नेलाई हौसला प्रदान हुने उनले बताए।

सफा र स्वच्छ वीरगंज अभियानलाई सघाउन र जथाभावी फोहर नफाल्न पनि उनले आग्रह गरे। उनले तोकिएको स्थान र समयमा फोहर फालेर महानगरको अभियानमा साथ दिन सुझाए।

विद्यालय सञ्चालक विशाल साहुको सभापतित्वमा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्कीलगायतको सहभागिता थियो।

## ४८ जना कर्मचारीको लागि १७ सय आवेदन

प्रस, वीरगंज, १३ फागुन/

वीरगंज महानगरपालिकाले विभिन्न





तस्वीरः फाइल

४८ पदका लागि आह्वान गरेको दरखास्तमा करीब एक हजार सात सयजनाले आवेदन बुझाएका छन्। चौथो तहको कम्प्युटर अपरेटर पदमा ३३ जनाको लागि दरखास्त आह्वान गरिएकामा एक हजार ४८० जनाको आवेदन परेको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताए।

आवेदन बुझाउने अन्तिम दिन बिहीवारसम्ममा विभिन्न ४८ पदका लागि एक हजार ६८२ जनाले आवेदन बुझाएका प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए। दुई पद सिभिल इन्जिनीयरमा २४ जनाले आवेदन दिएका छन्। यस्तै एक/एक जना माग भएको रोजगार सहायक र कम्प्युटर इन्जिनीयर पदमा क्रमशः २८ र ३१ जनाले आवेदन दिएका उनले बताए।

अमीन सहायक चौथोमा ११ पदका लागि ११९ जनाको आवेदन परेको छ। खुला प्रतिस्पर्धाबाट करारमा दक्ष जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकाले महानगरले गएको माघ २५ गते सूचना प्रकाशित गर्दै दरखास्त आह्वान गरेको थियो।

परीक्षा मिति तय भइनसकेको र केही दिनमा सार्वजनिक गरिने प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए।

## वीरगंज र पोखरियामा ९८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १३ फागुन/

सामाजिक युवा एकता क्लबको







तस्वीरः प्रतीक

आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज महानगरपालिका वडा नं १२ ब्रह्ममन्दिर चोकमा क्लब स्थापनाको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ११ महिलासहित ६१ जनाले रक्तदान गरेका क्लबका सल्लाहकार प्रमोद महतो धानुकले बताए।

**प्रस, पोखरिया/**

पोखरिया नगरपालिका वडा नं १ वनकटवामा शनिवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

वनकटवा युवा उत्थान क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा ३७ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

सोहन प्रसाद, अनिल गिरी, धर्मेन्द्र चौरसिया, बाबुराम ढकाल, सुन्दर बैठा, बैधनाथ ठाकुर, अर्जुन सिंह, श्याम ठाकुर, ओजिर आलम, चन्द्रकिशोर कुमार, भोला गिरीलगायतले रक्तदान गरेका थिए।

कार्यक्रम क्लबका अध्यक्ष उदयनारायण कुर्मीको अध्यक्षतामा भएको थियो भने उपप्रमुख रूबी ठाकुर, पूर्वनगरप्रमुख दीपनारायण रौनियार, वडाध्यक्ष लक्ष्मण साह कानू, नेपाल रेडक्रस पोखरिया उपशाखाका भगवान कुर्मी, एमाले नगरकमिटी अध्यक्ष विन्ध्याचल ठाकुर, प्रनि आयुष जोशीलगायतको सहभागिता थियो।

## सिम्रौनगढमा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, सिम्रौनगढ, १३ फागुन/

सिम्रौनगढ नगरपालिका–७ कङ्काली



शिविरमा जाँच गराउन लामबद्ध स्थानीय। तस्वीरः प्रतीक

माविमा शनिवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। शिविरको उद्घाटन गर्दै नगरप्रमुख किशोरीप्रसाद कलवारले स्वस्थ जीवनको लागि स्वास्थ्य परीक्षण गराइराख्नुपर्ने सुझाव दिए। उनले रोगलाई लुकाएर समस्या निम्त्याउनुभन्दा रोग पत्ता लगाएर उपचार गर्नु उत्तम हुने बताए। शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रको विकासबाट देशको विकास हुने भन्दै यी तीनवटै क्षेत्रमा सरकार संवेदनशील हुनुपर्ने बताए।

वडाध्यक्ष विवेक महतोको अध्यक्षतामा भएको शिविरमा नवजात शिशु, बालरोग, नसा तथा हाडजोर्नीका चिकित्सकहरू डा महेश्वरप्रसाद कुर्मी, डा निवेशपाल रमण, डा नितेश कर्ण, डा बबिता चौधरी, डा पवन चौरसियालगायत १६ जना स्वास्थ्यकर्मीको टीमले स्वास्थ्य परीक्षण गरेको थियो। शिविरमा ४०५ जनाको स्वास्थ्य चेकजाँच गरिएकामा ३५ जनामा समस्या देखिएको र उनीहरूलाई थप उपचारका लागि चिकित्सकहरूले सुझाव दिएको स्वास्थ्य संयोजक विजय ठाकुरले बताए।

## विचारसार र सूक्तिहरू

**दुनियाँ छोड्नुभन्दा पहिले यो जान्नु समझदारी हो कि संसार र जीवन दुवै नै एकसेएक बढी आनन्ददायक छन्, ताकि दुवैका गौरव र सदुपयोग बुझ्न सकौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# धर्म अर्थात् सद्गुण धारण गर्नु

धर्मले हामीलाई मानवीय स्वभावमा रहन सिकाउँछ, मानवीय मर्यादामा रहन सिकाउँछ। यसले उचित, अनुचित, शुभ–अशुभ, असल–खराबको भेद गरेर उचित व्यवहार, शुभ व्यवहार, राम्रो व्यवहार र स्वभावमा रहन प्रेरित गर्दछ। यसले अधर्म र अनैतिक क्रियाकलापहरूबाट टाढा रहन प्रेरित गर्दछ। यसले हामीलाई अर्थ एवं कामजस्ता भौतिक पुरुषार्थ नैतिक एवं उचित तरीकाले प्राप्त गर्ने प्रेरणा दिन्छ । धर्म हाम्रो अशुभ र कलुषित भावनाहरू तथा अनियन्त्रित, आर्थिक अभिलाषाहरूमा अङ्कुश र नियन्त्रण कायम गरेर जीवनलाई सरल, शान्त र आनन्दमय बनाउन आदेशित गर्दछ । धर्मलाई जीवनको प्रारम्भदेखि नै धारण गर्दा हाम्रा ती पुरुषार्थ सिद्ध हुन्छन्। धर्म हाम्रो जीवनको पथ–प्रदर्शक हो, जसले हामीलाई कुनै शुभ–अशुभ, असल–खराब, पाप–पुण्य आदि कर्महरूको शुभ वा दुष्परिणामको जानकारी दिन्छ।

**निस्सन्देह धर्म नै मानवजीवनको आधार हो र जुन व्यक्तिको जीवनमा यो आधार जति सशक्त छ, ऊ उत्ति नै समर्थ छ, सुखी छ। यसलाई धारण गरेर नै हामी आफ्नो जीवनलाई आनन्दले परिपूर्ण बनाउन सक्छौं ।**



ईश्वर सर्वव्यापी छन्, न्यायकारी छन्। उनी हामीले गर्ने, गरिरहेका असल–खराब दुवै कर्मका साक्षी हुन्। कर्मफल विधानद्वारा हामीलाई आफ्नो कर्मको फल प्राप्त हुनु अवश्यम्भावी छ। नराम्रो कर्म गर्दा हामीलाई आत्मग्लानि हुन्छ, पुण्यकर्म गर्दा भने आत्मसुख, आत्मसन्तोष प्राप्त हुन्छ। यी सारा प्रेरणा हामीलाई धर्मबाट प्राप्त हुन्छ । हामी जहाँ पनि छौं, जुन पनि रूपमा छौं, जुन कार्यमा छौं, त्यहाँ हामी आफ्नो प्रत्येक कर्म र कर्तव्य पूर्ण इमानदारीका साथ गरौं। यो शिक्षा हामीलाई धर्मबाट प्राप्त हुन्छ ।

हामी शिक्षक हौं, चिकित्सक हौं, व्यापारी हौं, किसान हौं, विद्यार्थी हौं, माली हौं, अभियन्ता हौं, वैज्ञानिक हौं वा हामी जुन पनि पेशामा रहौं, कर्ममा रहौं, त्यसमा हामी इमानदारीपूर्वक आफ्नो श्रम, समय र प्रतिभाको सुनियोजन गरौं; जसले हाम्रो साथ परिवार, समाज, राष्ट्र र सम्पूर्ण विश्वको कल्याण हुन सकोस् । यस्ता दिव्य प्रेरणा हामीलाई धर्मले नै दिन्छ। धर्म कुनै पन्थ वा सम्प्रदायको नाम होइन।

धर्म अङ्ग्रेजी रिलिजन शब्दको हिन्दी वा नेपाली रूपान्तरण पनि होइन। धर्म निकै व्यापक शब्द हो र यसको अर्थ पनि व्यापक छ । धर्म शब्दको उद्भव 'धृ' धातुबाट भएको हो, जसको अर्थ हुन्छ–धारण गर्नु । अर्थात् जुन धारण गर्ने योग्य छ, त्यही धर्म हो । जस्तै जराको सहाराले सम्पूर्ण रूख उभिएको छ, त्यसैगरी धर्मको सहाराले नै हाम्रो जीवन शीर्षसम्म पुग्दछ, आफ्नो सर्वोच्च लक्ष्यको प्राप्ति गर्दछ। धर्म हाम्रो मानवीय स्वभाव हो, कर्तव्य हो।

हरेक वस्तु, प्राणीको आफ्नो धर्म हुन्छ, स्वभाव हुन्छ। चन्द्रमाको स्वभाव उसको जुनमा, शीतलतामा, प्रकाशमा देखिन्छ भने सूर्यको स्वभाव उसको ऊष्मा र तापमा देखिन्छ। पानीको स्वभाव बग्नु हो, वायुको स्वभाव चल्नु हो, अग्निमा ऊष्मा हुन्छ र त्यही तिनको धर्म हो । त्यसैगरी, मानिसमा मनुष्यत्व हुनु, मानवीय गुण हुनु उसको धर्म हो ।

मनुस्मृतिका अनुसार धैर्य, क्षमा, दम (कलुषित भावनाहरूमा नियन्त्रण), अस्तेय (चोरी नगर्नु), शौच (आन्तरिक एवं बाह्य स्वच्छता), इन्द्रिय निग्रह (इन्द्रियहरू नियन्त्रित गर्नु), धी ( बुद्धि र ज्ञानको प्रयोग), विद्या (बढीभन्दा बढी ज्ञानको पिपासा), सत्य (मन, वचन, कर्मले सत्य पालन), अक्रोध–यी मानव धर्मका दश लक्षण हुन् । यी गुणहरू धारण गर्नु नै धर्म धारण गर्नु हो ।

जब मानिसले यी गुणहरूको धारण गर्दछ, अनि ऊ स्वभावतः आफ्नो स्वधर्मको, कर्तव्यको पालन बडो निष्ठा र इमानदारीले गर्न थाल्दछ। ऊ अर्थजस्तो पुरुषार्थको प्राप्ति गर्ने बेला पनि धर्मको ख्याल गर्दछ। उचित–अनुचित, नैतिक–अनैतिक तरीकाको ख्याल गर्दछ । ऊ काम अर्थात् आफ्ना कामना, इच्छाहरूको पूर्तिमा पनि धर्मको पालन गर्दछ । ऊ आफ्नो इच्छापूर्ति, कामनापूर्तिका लागि अनुचित वा अनैतिक तरीका प्रयोग गर्दैन।

यस प्रकार जीवनका हरेक कर्मलाई धर्मको दृष्टिले गरिरहँदा व्यक्तिको जीवन नैसर्गिकरूपले धर्ममय हुन पुग्दछ। उसको चित्त पवित्र हुन थाल्दछ र ऊ मोक्षको अधिकारी बन्न पुग्दछ। उसको जीवनमा सबै प्रकारका मोहको क्षय हुन्छ । ऊ मुक्त हुन्छ। ऊ भवबन्धनबाट मुक्त हुन्छ। ऊ जीवन–मरणको बन्धनहरूबाट मुक्त हुन्छ र यस प्रकार लौकिक एवं पारलौकिक, भौतिक र आत्मिक–दुवै दृष्टिले लाभमा रहन्छ। ऊ लौकिक र पारलौकिक दुवै जीवनमा आनन्द प्राप्त गर्दछ। निस्सन्देह धर्म नै मानवजीवनको आधार हो र जुन व्यक्तिको जीवनमा यो आधार जति सशक्त छ, ऊ उत्ति नै समर्थ छ, सुखी छ । यसलाई धारण गरेर नै हामी आफ्नो जीवनलाई आनन्दले परिपूर्ण बनाउन सक्छौं ।

# आत्मनिर्भर उद्यमको बेहाल किन ?


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सरोकारका उद्यमीले यो सरकारी नीति कार्यान्वयनमा विश्वस्त छैनन् । सरकार साँच्चै आत्मनिर्भर भनिएका उद्योगलाई धराशयी हुनबाट जोगाउन चाहन्छ भने निकासीको नीतिले प्रत्याभूति गरेका सहुलियतको प्राप्तिलाई सहज र व्यावहारिक बनाउन ढिलाइ भइसकेको छ ।**

सरकारले यही वर्षदेखि सिमेन्ट र डन्डी निकासीमा अनुदानको घोषणा गर्‍यो। केही उद्योगले नमूनाको रूपमा निकासी गरेर फोटो खिचाए, सञ्चामाध्यममा हाइलाइट भए । तर त्यसयता निकासी हुन सकेको छैन । सरकारले दिने भनेको सहुलियतको प्राप्तिमा निजी क्षेत्र आश्वस्त छैन । निकासी अनुदानमा सरकारले दिने भनिएको रकमको प्राप्तिमा उद्यमी ढुक्क छैनन्। अनुदानमा विगत अनुभवले निजी क्षेत्रलाई सशङ्कित बनाएको हो । अनुदान हात पार्न सामना गर्नुपर्ने झमेला उद्यमीका लागि फलामको चिउराजस्तै हुने गरेको छ। अनुदानको प्रक्रिया स्वचालित र सहज नभएसम्म यो सम्भव नहुने देखिन्छ ।

अहिले अधिकांश निर्माण सामग्रीका उद्योग कुल क्षमताको एक चौथाइमा चलिरहेका छन् । एक समय बारा/पर्सा औद्योगिक कोरिडोरलाई निर्माण सामग्री उत्पादनको केन्द्र भन्ने गरिएको थियो । तर अहिले यहाँका उद्योग सकसमा रुमलिएका छन्। यो बारा/पर्सा औद्योगिक कोरिडोरमा निर्माण सामग्री उत्पादनको अधिक सम्भाव्यता देख्ने उद्योगीहरू यतिखेर अनेक अवरोधमा रुमलिएका छन्।

भौतिक पूर्वाधार र अवस्थितिले यो क्षेत्रलाई उद्योग–व्यापारको केन्द्रका रूपमा स्थापित गरे पनि पछिल्लो समय बजार मन्दीको निशानामा परेपछि सम्भाव्यता सङ्कुचित मात्र छैन, भएका उद्योग चलाउन पनि उद्यमीहरूले अत्यन्त कठिनाइको सामना गर्नुपरेको छ । अधिकांश निर्माण सामग्रीका उद्योग तराई क्षेत्रमा खुलेका छन् । तराई क्षेत्रमा अधिकांश निर्माण सामग्रीका उद्योग केन्द्रित हुनुको पछाडि यहाँ विस्तारित पूर्वाधार र उत्पादन तथा बजार व्यवस्थापनमा भौगोलिक सहजता नै मूल कारण हुन् ।

कच्चा पदार्थको उत्पादन र सम्भाव्यताले केही सिमेन्ट उद्योगहरू पहाडी क्षेत्रमा खुले पनि आयातित कच्चा पदार्थमा आधारित अधिकांश उद्योग तराई केन्द्रित छन् । सिमेन्ट उद्योगलाई चाहिने कच्चा पदार्थमध्ये स्वदेशी क्लिङ्करबाटै आपूर्ति भएपनि फलामको भने अधिकांशतः आयात हुन्छ। सरकारले स्पन्ज आइरन आयातमा छुटको नीति लिएपछि कच्चा पदार्थको उत्पादनमा पनि मूल्य अभिवृद्धि भएको छ, यो सकारात्मक छ । तर यसको प्रतिफलको प्रत्याभूति आमउपभोक्ताले पाएको छ कि छैन ? यो तरीकाले पनि हेरिनु आवश्यक छ। यसो त यो सरकारी नीतिसमेत विरोधाभासमुक्त छैन । सरकारका प्रभावशाली मन्त्रीहरू अमुक औद्योगिक घरानाको प्रभावमा परेर ती घराना पोस्ने बदनियत पालेर यस्तो नीति लिएको भन्दै आलोचना भएको हो । समयान्तरमा घुमाउरो पाराले नीति सच्याएको हो । यसको मतलब सरकारले आफ्नो गलती स्वीकार गरेको भन्ने नै हो ।

यतिखेर आत्मनिर्भर भनिएका छ दर्जन बढी सिमेन्ट उद्योग सीमित बजारमा असीमित प्रतिस्पर्धा गरिरहेका छन् । सिमेन्ट उद्योगमा लगानी र उत्पादन क्षमता बढे पनि बजार विस्तार भएको छैन । स्वदेशी बजार अपर्याप्त भएकोले सरकारले निकासीको योजना बनाएको हो। तर योजना कार्यान्वयनमा आउन सकेको छैन । पछिल्लो समय सिमेन्ट उद्योगमा आन्तरिकसँगै बाह्य लगानी बढेको छ । अहिले ६५ वटा उद्योगले सिमेन्ट उत्पादन गरिरहेका छन्। तीमध्ये १८ वटाले क्लिङ्कर उत्पादन गर्छन्। स्वदेशी उद्योगको वार्षिक उत्पादन क्षमता करीब दुई करोड मेट्रिकटन पुगिसकेको छ। आक्रामकरूपमा लगानी बढाएका उद्योगबीच तीव्र प्रतिस्पर्धा छ। लगानीको तुलनामा बजार नबढ्दा अधिकांश उद्योगका उत्पादन खुम्चिएका छन् ।

भारतको बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गालजस्ता घना आबादी भएका राज्यमा सिमेन्ट निकासीको सम्भावना छ। त्यहाँ सिमेन्टको माग पनि छ। तर निकासी हुन सकेको छैन । अर्कातिर विकास निर्माणका कामले तीव्रता पाउने र सिमेन्टको माग बढ्ने अपेक्षामा लगानी आए पनि सोचे अनुसार बजार विस्तार भएको छैन। सरकारको विकास बजेटको खर्च कमजोर हुनु पनि बजार बढ्न नसक्नुको मुख्य कारण हो। अब बजार नपाएपछि उद्योगीहरूबीच सस्तोमा बेच्ने प्रतिस्पर्धा चलेको छ। अब स्वदेशी बजार विस्तारको उपायसँगै निकासीको आक्रामक रणनीति नअपनाउने हो भने सिमेन्टको लगानी धरापमा पर्ने देखिन्छ।

नेपालमा विकास निर्माणका कामले तीव्रता पाउने र माग बढ्ने अनुमानमा लगानी ह्वात्तै बढेको हो। उत्पादन बढी र माग कम भएपछि उद्योगीहरू मूल्य र गुणस्तर दुवैमा प्रतिस्पर्धा गर्न थालेका छन्। यसले उपभोक्तालाई तत्कालीनरूपमा केही फाइदा देखिएको छ। सानो बजारमा सम्भाव्यता अध्ययनविनै आएको लगानीको सुरक्षा र प्रतिफल भने जोखिममा परेको छ । लगानीको अनुपातमा बजार विस्तार हुन नसक्दा घाटा खाएर सिमेन्ट बेच्नुपर्ने अवस्था आएको उद्योगीहरूको भनाइ मान्ने हो भने यो गम्भीर विषय हो । नेपालमा राजनीतिक सङ्क्रमण समाधान भएसँगै विकास निर्माणले गति समात्ने आसमा लगानी ह्वात्तै बढे पनि पूँजीगत खर्चको कमजोर अवस्था र बैंकहरूको चर्को ब्याजदरको प्रभाव निर्माण सामग्री बजारमा पनि देखिएको हो ।

स्वदेशमा मागभन्दा उत्पादन बढी भएपछि सिमेन्ट र डन्डी निकासीको आवश्यकता बढेर गएको हो। निकासीका लागि गुणस्तरसँगै मूल्य पनि प्रतिस्पर्धी हुनु अपरिहार्य छ । मूल्यका आधारमा प्रतिस्पर्धी उत्पादनका लागि लागत कम हुनुपर्दछ । खर्च घटाउने उपाय भनेको हामीकहाँ बिजुली नै हो । ऊर्जा बढी खपत गर्ने यस्ता उद्योगका लागि ऊर्जामा सहुलियत दिने हो भने प्रतिस्पर्धी उत्पादन सम्भव हुन सक्छ। तर सरकारले खेर जाने बिजुलीसमेत उद्योगलाई सस्तोमा दिन तत्पर छैन । खपत नीति यति पश्चिगामी छ कि बढी खपत गर्नेलाई बढी दरको महसूल लगाइएको छ । सामान्यतः कुनै पनि वस्तुको बढी परिमाण खपतमा तिर्नुपर्ने रकम कम हुने गर्दछ। अहिले ऊर्जा अभाव पनि समस्या बनेको छ। उद्योग प्रतिष्ठानमा दैनिक ८/९ घण्टा लोडसेडिङ भइरहेको छ। यसले उत्पादनको लागत बढाएको छ। लोडसेडिङमुक्तिमा केही समय खुशी भएको उद्योग क्षेत्र अहिले ऊर्जा अभावको समस्याले थिचिएको छ।

ऊर्जा सङ्कट समग्र उत्पादनको समस्या हो। अब डिजेलबाट जेनेरेटर चलाउने युगमा फर्किने अवस्था आएको छ । यसबाट निकालिने बिजुली प्रतियुनिट ५० रुपैयाँसम्म पर्ने उत्पादकहरूको भनाइका आधारमा यसबाट उत्पादन सम्भव नै छैन।

सरकारले त आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमले सिमेन्ट निकासीलाई प्रोत्साहन गरिने बताएको हो। फलाममा यसै वर्ष यो नीति लिइएको हो। सरोकारका उद्यमीले यो सरकारी नीति कार्यान्वयनमा विश्वस्त छैनन् । सरकार साँच्चै आत्मनिर्भर भनिएका उद्योगलाई धराशयी हुनबाट जोगाउन चाहन्छ भने निकासीको नीतिले प्रत्याभूति गरेका सहुलियतको प्राप्तिलाई सहज र व्यावहारिक बनाउन ढिलाइ भइसकेको छ।

# राष्ट्रपतिमा एमालेबाट नेम्वाङ र काङ्ग्रेसका पौडेलको उम्मेदवारी

काठमाडौं, १३ फागुन/रासस

नेकपा (एमाले)का तर्फबाट यही फागुन २५ गते हुने राष्ट्रपति पदको निर्वाचनका लागि उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले उम्मेदवारी दिएका छन् । उनको उम्मेदवारी दर्ता गर्न एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत नेताहरू नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवन पुगेका थिए ।



राष्ट्रपतिको निर्वाचनमा शनिवार संसद भवन नयाँ बानेश्वरमा उम्मेदवारी दर्ता गराउँदै नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ, साथमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीलगायत। तस्वीरः रासस

उनको प्रस्तावकमा अध्यक्ष ओली नेताहरू पृथ्वीसुब्बा गुरुङ, गोर्कणराज विष्ट, रघुवीर महासेठ र छविलाल विश्वकर्मा छन् । यसैगरी, उनको समर्थकमा पार्टीका नेताहरू योगेशकुमार भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो, दिलकुमारी रावल थापा र अमनकुमार मास्के रहेका छन् ।

इलाम नगरपालिका–७ सुन्तलाबारीमा विसं २००९ फागुन २८ गते जन्मेका नेम्वाङले अनेरास्ववियुबाट राजनीतिमा प्रवेश गरेका हुन् । विसं २०२८ बाट राजनीतिमा निरन्तर क्रियाशील नेम्वाङ एमालेको केन्द्रीय न्यायिक समिति सदस्य हुँदै हाल उपाध्यक्ष छन् । विसं २०४८ देखि २०५२ सम्म राष्ट्रियसभा सदस्य बनेका उनी त्यसलगत्तै पुनः राष्ट्रियसभा सदस्य भएका थिए । प्रतिनिधिसभा निर्वाचन २०५६ मा इलाम–२ बाट निर्वाचित उनी संविधानसभा निर्वाचन २०६४ र २०७० मा इलाम–२ बाट निर्वाचित भएका थिए।

प्रतिनिधिसभा निर्वाचन २०७४ र २०७९ मा इलाम–२ बाट लगातार निर्वाचित भएका नेम्वाङ एमाले संसदीय दलको उपनेता र २०५६ सालमा सार्वजनिक लेखा समिति सभापति भएका थिए ।

उनी विसं २०६३ मा पुनर्स्थापित प्रतिनिधिसभाको सभामुख, २०६४ सालमा व्यवस्थापिका संसद्को सभामुख, २०६५ र २०७० सालमा संविधानसभा अध्यक्ष/सभामुख र २०७२ सालमा रूपान्तरित व्यवस्थापिकाको सभामुख भएका थिए । विसं २०५१ मा न्याय, कानून तथा संसदीय राज्यमन्त्री हुँदै मन्त्री भएका उनी सामान्य प्रशासनमन्त्री र स्थानीय विकासमन्त्री भए ।

राजनीतिमा प्रवेश गर्नुअघि नेपाल ल क्याम्पसमा प्राध्यापन र कानून व्यवसायी (वरिष्ठ अधिवक्ता) रहेका उनले पञ्चायती निरङ्कुशताविरुद्धको राजनीतिक आन्दोलनका क्रममा पटकपटक सार्वजनिक सुरक्षा अन्तर्गत नजरबन्दमा परेका थिए ।

यसैगरी राष्ट्रपति पदको निर्वाचनका लागि नेपाली काङ्ग्रेसका तर्फबाट वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दिएका छन् । उनको उम्मेदवारी दर्ता गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायत विभिन्न पार्टीका शीर्ष नेताहरू सङ्घीय संसद् भवन पुगेका थिए।




सञ्चारकर्मीसँग कुराकानी गर्दै राष्ट्रपतिका उम्मेदवार पौडेल। तस्वीरः रासस

उनको प्रस्तावकमा नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## रूसलाई परास्त गर्ने युक्रेनी राष्ट्रपतिको प्रतिबद्धता

कीभ, १३ फागुन/एएफपी

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले यो वर्ष रूसलाई परास्त गररै




छाड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विदेशबाट जर्मनीमा निर्मित टयाङ्क र हातहतियार प्राप्त गरेपछि उनले रूसलाई पराजित गर्ने प्रतिबद्धता दोहोर्‍याएका हुन्।

दोस्रो विश्वयुद्धपछि युरोपमा भीषण युद्ध शुरू भएको वार्षिकीका सन्दर्भमा युरोपेली मुलुकका राजधानीमा रूसी आक्रमणविरुद्ध विरोध प्रदर्शन भएका छन् भने पश्चिमा राष्ट्रले रूसी बैंक, सैन्य क्षेत्रलगायत आर्थिक उपार्जनका केन्द्रलाई क्षीण तुल्याउन अझ कठोर प्रतिबन्ध लगाउने अभिव्यक्ति दिइरहेका बेला उत्साहित युक्रेनी राष्ट्रपतिले रूसलाई परास्त गर्ने प्रण गरेका हुन् ।

सातवटा औद्योगिक राष्ट्रको समूहले पनि रूसमाथि गम्भीर नाकाबन्दी लगाउने चेतावनी दिएको छ । पोल्यान्डका प्रधानमन्त्री माटेउज माराविकीले युक्रेनलाई थप सैन्य सहायता उपलब्ध गराउने बताएका छन् । युक्रेनी विमान चालकहरूलाई लडाकू विमान उडाउने तालीम दिने प्रस्ताव पनि उनले अघि सारेका छन् ।

रूसका पूर्वराष्ट्रपति दिमित्री मेदवेदेवले पोल्यान्डको सिमानाबाट आफ्नो भूमिमा हुने आक्रमणको जवाफ दिन रूस तयार रहेको बताएका छन् ।

चीनले युक्रेन युद्धका सम्बन्धमा जारी गरेको १२ बुँदे अवधारणापछि राष्ट्रपति जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी जिनपिङलाई भेट्ने योजनामा आफू रहेको बताएका छन् । चीनले शान्ति वार्ताको थालनी तथा क्षेत्रीय सार्वभौमसत्ताको सम्मान गर्न युद्धरत पक्षलाई आह्वान गरेको छ ।

चिनियाँ विदेश मन्त्रालयले जारी गरेको अवधारणापत्रमा अन्तर्राष्ट्रिय समुदायले शान्ति स्थापनाका लागि वार्ताको प्रयास अविलम्ब थाल्नुपर्नेमा जोड दिँदै द्वन्द्वरत पक्षलाई जतिसक्दो चाँडो राजनीतिक समाधानको ढोका खोल्न आह्वान गरेको छ । शान्ति वार्ताको पुनर्थालनीका लागि चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने पनि जनाएको छ ।

नागरिक संरचना र सुविधामा आक्रमण गर्न नहुने, महिला, बालबालिका र द्वन्द्वका अन्य पीडितहरूको सुरक्षा गरिनुपर्ने, युद्धबन्दीका मौलिक अधिकारको सम्मान हुनुपर्नेमा जोड दिँदै चीनले आणविक ऊर्जा केन्द्रमा आक्रमण गर्न नहुने बताएको छ । साथै उसले आणविक हतियारको धम्की वा प्रयोगको विरोध गर्दै आणविक सङ्कट निम्तिन नदिनेमा सबै चनाखो हुनुपर्ने बताएको छ। रासस

## वन्यजन्तु अपराधमा ९० हजारजना पक्राउ

बेइजिङ, १३ फागुन/सिन्ह्वा

चिनियाँ प्रहरीले वन्यजन्तु अपराधमा संलग्न भएको अभियोगमा ९० हजारजनालाई पक्राउ गरेको छ ।

एकजना सार्वजनिक सुरक्षा अधिकारीका अनुसार प्रहरीले सन् २०२० देखि २०२२ सम्म वन्यजन्तुसँग सम्बन्धित ७० हजारभन्दा बढी आपराधिक मुद्दाको अनुसन्धान गरेको छ भने सोही अवधिमा ९० हजारजनालाई सोही प्रकृतिको अपराधमा पक्राउ गरेको हो ।

बितेका तीन वर्षमा १३ लाख सात हजार वन्यजन्तु तथा एक लाख ८० हजार किलोग्राम वन्यजन्तुजन्य वस्तु बरामद भएका सार्वजनिक सुरक्षा मन्त्रालय अन्तर्गतको खाद्य तथा लागूऔषध अपराध अनुसन्धान विभागका प्रमुख ल्यु वुकिनले शुक्रवार आयोजित पत्रकार सम्मेलनमा बताए ।

उक्त अवधिमा मन्त्रालयको अनुसन्धानमा रहेका सबै १५० मुद्दा




निरूपण गरिएको जानकारी उनले दिए । यो "वन्यजन्तुसम्बन्धी अपराध अन्त्य गर्न दुई वर्षअघि देशव्यापीरूपमा थालिएको अभियानको परिणामको हो," उनले सञ्चारकर्मीसँग भने ।

अभियान अन्तर्गत राष्ट्रिय निकुञ्ज, चिडियाखाना, सर्कस, पशुपालन र प्रचार क्षेत्रलाई लक्ष्य गरी अनुसन्धान गरिएको तथा त्यस क्रममा गैरकानूनीरूपमा पालिएका एक लाख २० हजारभन्दा बढी वन्यजन्तुलाई मुक्त गरिएको विभागले जनाएको छ । रासस

## माली आक्रमणमा १३ जना सर्वसाधारणको मृत्यु

बामाको, १३ फागुन/सिन्ह्वा

मध्य मालीको एउटा गाउँमा बिहीवार हतियारधारीले गरेको आक्रमणमा परी कम्तीमा १३ जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य तीनजना घाइते भएका स्थानीय सञ्चारमाध्यमले प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै शनिवार जनाएका छन् ।




बिहीवार दिउँसो कानीबोन्जोन गाउँमा आगजनी हुँदा स्वचालित हतियारको आवाज सुनिएको एक समाचार वेबसाइटले पोस्ट गरेको भिडियोमा देखिएको छ । आक्रमण र हताहतीको पुष्टि बैंकास सर्कल काउन्सिलका अध्यक्ष अमाडो यारोले गरेका छन् ।

उक्त क्षेत्रका गभर्नर बर्बर हमलाका पीडितलाई समर्थन गर्न गएराति घटनास्थलमा गएका थिए। हामीले भर्खरै देखेको दृश्य भयानक छ । यो गाउँमा भएको बर्बर र अमानवीय आक्रमण हो, अन्नभण्डार पनि खरानी पारिएका छन्, यारोले भने ।

आक्रमणको निन्दा गर्दै थप सुरक्षाको माग गर्दै शुक्रवार बन्दियागराका बासिन्दा सडकमा उत्रिएका छन्। सन् २०१२ देखि माली विद्रोह, जिहादी आक्रमण र अन्तर सामुदायिक हिंसाबाट पीडित छ । हिंसात्मक घटनामा हजारौं मारिएका छन् भने सयौं हजार विस्थापित भएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – राज्यलाभ | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### सूचना ! सूचना !! सूचना !!!

यस वीरगंज महानगरपालिकाको मिति २०७९/११/१ को भौतिक पूर्वाधार अतिक्रमण खाली गर्ने समितिको निर्णयबमोजिम नगर क्षेत्रमा रहेका सडक, फूटपाथ र नाला अतिक्रमण गरी बनाइएका सिढी, रैम्प, छेकबार तथा यस महानगरपालिकाको वडा नं.१० स्थित पशुपति आदर्शनगर निर्माण समितिको प्लटहरूबीचमा रहेको १० फिटे नालाहरूमाथि निर्माण गरिएका भौतिक संरचना ७ (सात) दिनभित्र खाली गर्न सम्बन्धित सबैलाई सूचित गरिन्छ । यदि सो म्यादभित्र उक्त संरचनाहरू नहटाइएमा यस कार्यालयबाट खाली गराउँदा लाग्ने दस्तुर/खर्चसमेत सम्बन्धित व्यक्ति, सङ्घ-संस्था र फर्मबाट नै असूलउपर हुने बेहोरासमेत जानकारी गराइन्छ।

## तीन वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य

काठमाडौं, १३ फागुन/रासस

सरकारले आगामी तीन आर्थिक वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यसहित मध्यमकालीन खर्च संरचना (२०८०/८१, २०८२/८३) तयार पारेको छ ।

राष्ट्रिय योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ स्वीकृत गर्दै विभिन्न आर्थिक सूचकको तीन वर्षे अनुमान सार्वजनिक गरेको हो। आयोगले शुक्रवार सार्वजनिक गरेको विवरण अनुसार आगामी आर्थिक वर्ष २०८०/८१ मा छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ ।

त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा सात दशमलव चार प्रतिशत र आर्थिक वर्ष २०८२/८३ मा आठ प्रतिशतको आर्थिक वृद्धिदर कायम रहने अनुमान आयोगको छ। तर चालू आव २०७९/८० का लागि सरकारले राखेको आर्थिक वृद्धिदरको लक्ष्य भने हासिल नहुने पनि आयोगले जनाएको छ ।

चालू आवमा आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखिएकामा चार दशमलव पाँच प्रतिशत बराबर मात्रै रहने देखिएको हो ।

चालू आवमा सरकारले उपभोक्ता




मुद्रास्फीति सात प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको थियो । तर यस वर्ष मुद्रास्फीतिले वाञ्छित सीमा नाघेर साढे सात प्रतिशतसम्म पुग्न सक्ने अनुमान आयोगको छ ।

त्यस्तै, आगामी आव २०८०/८१ मा छ दशमलव पाँच प्रतिशत र त्यसपछिका दुई आवमा छ प्रतिशतको वाञ्छित सीमाभित्र मुद्रास्फीति राख्ने प्रक्षेपण आयोगले गरेको छ ।

आगामी तीन वर्षभित्र नेपालको प्रतिव्यक्ति आयमा उल्लेखनीय सुधार हुने अनुमान पनि आयोगको छ। आयोगको विवरण अनुसार प्रतिव्यक्ति आय आव २०८०/८१ मा एक हजार ५७२ अमेरिकी डलर, आव २०८१/८२ मा एक हजार ७४० अमेरिकी डलर र आव २०८२/८३ मा एक हजार ९३५ अमेरिकी डलर पुर्‍याउने लक्ष्य रहेको छ ।

आगामी वर्षमा नेपालको भुक्तानी सन्तुलनमा घाटा बढ्दै जाने देखिएको छ। भुक्तानी सन्तुलन आगामी आव रु १० अर्ब र त्यसपछिका दुई आवमा क्रमशः रु २० अर्ब र रु २५ अर्बसम्म घाटामा रहने अनुमान आयोगको छ ।

## नयाँ सत्ता समीकरणको ढोका खुल्यो –काङ्ग्रेस प्रवक्ता महत

काठमाडौं, १३ फागुन/रासस

नेपाली काङ्ग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले राष्ट्रपतिको निर्वाचनलगत्तै सत्ता समीकरण परिवर्तन हुने विश्वास व्यक्त गरेका छन् ।

राष्ट्रपतिको उम्मेदवारमा काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको उम्मेदवारी मनोनयनपछि संविधानसभा भवन परिसरमा शनिवार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले राष्ट्रपतिको उम्मेदवारी मनोनयनले नयाँ सत्ता समीकरणको ढोका खोलेको उल्लेख गरे । "सत्ता समीकरणको विषय अहिलेसम्म प्रवेश नगरे पनि राष्ट्रपतिको उम्मेदवारी मनोनयनले नयाँ सत्ता समीकरणको ढोका खोलेको छ," प्रवक्ता महतले भने, "अहिले नयाँ सत्ता समीकरणका बारेमा छलफल भएको छैन, तर निश्चित लक्ष्यका साथ अघि बढ्नुपर्ने भएकाले सरकार सञ्चालनमा नयाँ समीकरण बन्न सक्छ, त्यस विषयमा विस्तृत छलफल हुन्छ ।"

आठ दलको समर्थनमा राष्ट्रपतिको उम्मेदवार मनोनयन गरिएको र अन्य दलको पनि समर्थन आउने सम्भावना रहेको भन्दै उनले पौडेल राष्ट्रपति भएपछि संविधान र कानूनी शासनको संवर्द्धन हुने विश्वास व्यक्त गरे । उनले भने, "संवैधानिक व्यवस्थामाथि क्षति पुर्‍याउने काम हुन्छ कि भन्ने आशङ्का थियो, त्यो अब निवारण भएको छ । उहाँ (राष्ट्रपतिका उम्मेदवार रामचन्द्र पौडेल) राष्ट्रपति भएर आएपछि संविधान र कानूनी शासनको पक्षमा प्रतिबद्ध रहनुहुनेछ ।"

नेपाली काङ्ग्रेसका नेता डा शेखर



नेपाली काङ्ग्रेसका प्रवक्ता डा प्रकाशशरण महत । तस्वीरः फाइल

कोइरालाले संविधानको रक्षा र विधिको शासन सुदृढ तुल्याउन पौडेलको उम्मेदवारी स्वाभाविक भएको उल्लेख गरे । उनले पौडेलको व्यक्तित्व, उनले खेलेका वर्षौंको भूमिकाप्रति अहिले न्याय मिलेको छ भने ।

संसदीय प्रणालीमा सरकार फेरबदल भइरहनु सामान्य कुरा हो भन्दै उनले राजनीतिक स्थिरता कायम गर्न मदत पुग्ने विश्वास व्यक्त गरे। नेता कोइरालाले राष्ट्रपति निर्वाचनमा सङ्घमा बनेको नयाँ गठबन्धन स्वचालितरूपमा प्रदेशसम्म जाने विश्वास व्यक्त गरे ।

नेकपा (एकीकृत समाजवादी) ा उपमहासचिव प्रकाश ज्वालाले केन्द्रको गठबन्धनले समग्र राष्ट्रिय राजनीतिमा नै प्रभाव पार्ने उल्लेख गरे । उनले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनले सङ्घीय सरकार र प्रदेश सरकारमा समेत फेरबदल हुन सक्ने बताए ।

उपमहासचिव ज्वालाले संसद्को ठूलो राजनीतिकरूपमा रहेको र भोलिका दिनमा सम्मानजनक सहकार्य गर्ने सङ्कल्पका साथ काङ्ग्रेसका उम्मेदवारलाई आफ्नो पार्टीलगायत आठ दलले समर्थन गरेको उल्लेख गरे ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका कार्यकारिणी सदस्य राजकिशोर यादवले काङ्ग्रेस पौडेलले संविधान निर्माणमा पनि नेतृत्व गरेको र यसको रक्षाका निम्ति पनि पहलकदमी लिएको हुनाले सहकार्य गरेर जानुपर्छ भन्ने भावनाका साथ गठबन्धन बनेको उल्लेख गरे । उनले नयाँ गठबन्धन सङ्घदेखि प्रदेशसम्म विस्तार हुने विश्वास व्यक्त गरे ।

### राष्ट्रपतिमा एमाले ...

श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता अशोककुमार राई र जनमत पार्टीका नेता अब्दुल खान छन् ।

यस्तै, पौडेलको समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्त ठाकुर, काङ्ग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जीता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे छन् ।

वरिष्ठ नेता पौडेल गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ–१ बाट फराकिलो मतान्तरले विजयी भएर छैटौंपटक संसद्मा प्रवेश गरेका थिए ।

उनी यसअघि विसं २०४८ मा साबिकको तनहुँ–१ र त्यसपछि तनहुँ–२ बाट विसं २०५१, २०५६, २०६४ र २०७० माट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। यसबीचमा उनी उपप्रधान तथा गृह, स्थानीय विकास, कृषि, सञ्चारमन्त्री भइसकेका छन् । उनले सभामुखको जिम्मेवारी निभाएका थिए।

विसं २००१ असोजमा तनहुँको रिस्ती गाविसस्थित बाहुनपोखरामा जन्मिएका पौडेल १६ वर्षको उमेरदेखि नै राजनीतिमा लागेका थिए। काङ्ग्रेसद्वारा सञ्चालित २०१८ को क्रान्तिमा पौडेलले सहभागिता जनाएका थिए ।

विसं २०२७ मा नेपाल विद्यार्थी सङ्घको संस्थापक सदस्य रहेका पौडेल २०३४ सालमा पहिलोपटक काङ्ग्रेस केन्द्रीय सदस्य र त्यसपछि पार्टीका उपसभापति तथा कार्यवाहक सभापति भएका थिए ।

उनी विभिन्न पुरस्कारसहित जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ दी राइजिङ सन' (२०२० सन्)बाट सम्मानित भएका थिए। उनका प्रजातान्त्रिक समाजवाद, आस्थाको यात्रा, कृषि क्रान्ति र समाजवाद, राजनीतिको मार्ग, नेपाली काङ्ग्रेस रूपान्तरणको मार्गलगायत दर्जन पुस्तक र विभिन्न विषयमा समसामयिक लेख प्रकाशित छन् ।

### राष्ट्रपतिमा काङ्ग्रेसका उम्मेदवारलाई समर्थन गर्ने जसपाको निर्णय

जनता समाजवादी पार्टी (जसपा) ले राष्ट्रपतिमा नेपाली काङ्ग्रेसको उम्मेदवारलाई समर्थन गर्ने औपचारिक निर्णय गरेको छ। शुक्रवार राति पार्टी कार्यालयमा बसेको जसपा कार्यकारिणी समितिको बैठकले राष्ट्रपतिमा काङ्ग्रेसको उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

शुक्रवार नै आठ दलको बैठकमा राष्ट्रपति काङ्ग्रेसलाई दिने सहमति भएलगत्तै जसपाको बैठकले औपचारिक निर्णय गरेको हो। यसैगरी, उपराष्ट्रपति जसपाले पाउने गठबन्धन दलहरूबीच सैद्धान्तिक सहमति भएपनि पार्टी बैठकमा उपराष्ट्रपतिको उम्मेदवारको विषयमा छलफल नभएको उनको भनाइ छ ।

# आगामी आर्थिक वर्षका लागि १६ खर्ब ८८ अर्बको बजेट सीमा तोकियो

काठमाडौं, १३ फागुन/रासस

राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनासहित आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) तयार पारेको छ । आयोगका अनुसार आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु १६ खर्ब ८८ अर्ब ४० करोडको सीमाभित्र रही बजेट तयार पार्न लागिएको हो ।

आगामी आर्थिक वर्षको बजेट सिलिङ चालू आर्थिक वर्षको विनियोजित बजेटभन्दा रु एक खर्ब पाँच अर्ब ४३ करोडले कम हो । चालू आर्थिक वर्षका लागि सरकारले रु १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट ल्याएको थियो । तर मध्यावधि समीक्षामार्फत सरकारले बजेटको आकार रु दुई खर्ब ४४ अर्बले घटाएको छ । सुरुआती विनियोजनको तुलनामा मध्यावधि समीक्षामार्फत बजेटको आकार १४ प्रतिशतले घटाएर रु १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ ।

अहिले अर्थतन्त्रमा देखिएका विभिन्न चुनौती र त्यसले आर्थिक सूचकहरूमा पारेको प्रभावलाई विश्लेषण गरेर बजेटको सीमा अनुमान गरिएको आयोगले जनाएको छ । "चालू आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्म राजस्व परिचालनमा देखिएको सङ्कुचन, वैदेशिक सहायता परिचालनमा अनुदानको घट्दो प्रवृत्ति र विनिमय दरमा भएको वृद्धिका कारण साँवा र ब्याज भुक्तानीमा पर्न सक्ने थप चाप तथा आन्तरिक ऋण भुक्तानीको व्ययभारसमेतको विश्लेषण गरी राष्ट्रिय स्रोत परिचालनको यथार्थपरक अनुमान तथा प्रक्षेपण गरिएको छ," आयोगले शुक्रवार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ तयार गरी स्वीकृत गरिसकेको जनाएको छ । सो मार्गदर्शन तथा ढाँचा सबै संवैधानिक निकाय तथा विषय क्षेत्रगत मन्त्रालय एवं प्रदेश सरकारलाई समेत पठाइसकेको आयोगले जनाएको छ ।

मध्यमकालीन खर्च संरचना अनुसार सरकारी राजस्व आगामी तीन आर्थिक वर्षमा सरदर १४ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ । राजस्व वृद्धिको सोही अनुमानका आधारमा बजेटको आकार पनि अनुमान गरिएको हो । "नेपाल सरकारको कुल स्रोत आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु १६ खर्ब ८८ अर्ब ४० करोड, आर्थिक वर्ष २०८१/८२ का लागि रु १८ खर्ब ८० अर्ब २० करोड र आर्थिक वर्ष २०८२/८३ का लागि रु २० खर्ब ८८ अर्ब ९० करोड बराबर रहने प्रारम्भिक अनुमान छ," आयोगले भनेको छ ।

आयोगका अनुसार आगामी आर्थिक वर्षको बजेटको सीमा निर्धारण गर्दा विनियोजन कुशलतालाई ध्यानमा राखिएको छ । "विषयगत मन्त्रालय वा निकायहरूबाट बढी बजेट माग हुने तर विनियोजित बजेट बाँडफाँट मुताबिक खर्च नहुने अवस्थालाई मनन गरी बजेट प्रणालीको अनुमान योग्यता र विनियोजन कुशलतालाई ध्यानमा राखिएको छ । आगामी आर्थिक वर्षका लागि खर्च हुने वा खर्च गर्न सकिने कार्यक्रम तथा क्रियाकलापमा मात्र बजेट व्यवस्था गर्नु उपयुक्त हुने विषयलाई मार्गदर्शनमा जोड दिइएको छ," आयोगको विज्ञप्तिमा उल्लेख छ ।

## मन्दिरको सरसफाइ

प्रस, सिम्रौनगढ, १३ फागुन/

सिम्रौनगढ नगरपालिकास्थित कङ्काली मन्दिरमा शनिवार सरसफाइ गरिएको छ । मन्दिरको गजुर, कोठाहरू फोहर भएका कारण पानी र सर्फले मन्दिर सफाइ गरिएको थियो । वडाध्यक्ष नन्दकिशोर जयसवालको अगुवाइमा मन्दिरको सफाइ भएको र अहिले मन्दिर टलक्क टल्किएको छ ।

## सहकारीको साधारणसभा

प्रस, पोखरिया, १३ फागुन/

कालिकामाई गाउँपालिकास्थित दिव्य बचत तथा ऋण सहकारी संस्था, बिरञ्चीबर्वाको २५औं वार्षिक साधारण सभा पोखरियामा सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै जिल्ला बचत तथा ऋण सहकारी सङ्घ, पर्साका अध्यक्ष राजेश पडितले आर्थिक समस्या समाधान गर्नका लागि दिव्य बचतको स्थापना भएको बताए । संस्थाको रकम दुरुपयोग नहोस् भन्नेतर्फ सचेत हुनुका साथै आयमूलक कार्यमा लगानी गर्न सुझाए । उनले गरीबी निवारणका लागि आयमूलक कार्यमा लगानी गर्नुपर्ने बताए । अहिले जथाभावी ऋण लिने, त्यसको दुरुपयोग गर्ने र गाउँटोल छाडेर भाग्नुपर्ने अवस्था सिर्जना भइरहेको भन्दै त्यस्तो कार्य नगर्न सुझाए । उनले ऋणको रकम आयमूलक कार्यमा लगानी भए आर्थिक समस्याबाट पिरोलिनु नपर्ने बताए ।

कोषाध्यक्ष रमाकान्त पटेलले आर्थिक प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा वडाध्यक्ष जयनारायण कुर्मी, एनजिओसिसी, पर्साका अध्यक्ष इब्राहिम देवान, रामप्रवेश साह, गाँधी ठाकुर, धर्मेन्द्र चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## एमालेको सिमरामा बैठक

प्रस, वीरगंज, १३ फागुन/

नेकपा एमाले जीतपुरसिमरा उपमहानगर कमिटीको बैठक शनिवार सिमरामा सम्पन्न भएको छ । बैठकमा पोलिटब्यूरो सदस्य एवं पूर्वमन्त्री पुरुषोत्तम पौडेलले कार्यकर्ताबीच एकताले हरेक खालका समस्या समाधान गर्न सकिने बताए । उनले कार्यकर्तालाई वैचारिक प्रशिक्षणका लागि एमालेले ग्रासरूट अभियान सञ्चालन गरेको बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य अरविन्द सिंहले ग्रासरूट अभियानबारेमा अवगत गराएका थिए ।

नगर अध्यक्ष भोला अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रदेश कमिटी सदस्य सुन्दर विक, मनोज पौडेल, किशोर शर्मा, राजमहमद राय, दिनेश ठाकुर, चयन गुरुङलगायत सहभागी थिए ।

कार्यक्रमको सहजीकरण नगर उपसचिव त्रिलोक विक्रम शाह र स्वागत उपसचिव झपेन्द्र बरालले गरेका थिए ।

बैठकले जनसङ्गठन संयन्त्रको भेला आयोजना गर्नुका साथै स्थानीय तह सञ्चालनका लागि पालिका दल तथा वडा दल निर्माण गर्ने निर्णय गरेको छ । वडामा जिल्ला कमिटी सदस्यहरूलाई ग्रासरूट अभियानको प्रतिनिधि खटाउनेसमेत निर्णय गरेको छ ।


**प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्त्वपूर्ण हुन्छ ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ । त्यसैले, प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं ।

**७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## ठाकुर राममा वार्षिक खेलकूद

प्रस, वीरगंज, १३ फागुन/

ठाकुर राम बहुमुखी क्याम्पस बिबिए सङ्कायमा वार्षिक खेलकूद प्रतियोगिता तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

कार्यक्रमको उद्घाटन वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले गरेका थिए ।

उनले क्याम्पसस्तरमा आयोजित प्रतियोगितात्मक खेलकूदले विद्यार्थीहरूमा आपसीमा मेलमिलाप एवं भाइचाराको सम्बन्ध कायम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । खेलकूदले खेलाडी उत्पादनका साथै शारीरिक स्वास्थ्य पनि राम्रो हुने र विद्यार्थीहरूलाई अनुशासित बनाउन मदत पुग्ने बताए ।

बिबिए सङ्कायले विभिन्न विधाका खेलकूद प्रतियोगिता गरेको थियो । फूटबल, क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, भारोत्तोलन जस्ता प्रतियोगितात्मक कार्यक्रम आयोजना गरेको क्याम्पसले जनाएको छ । प्रतियोगितामा सबैभन्दा धेरै खेलमा अग्रता लिएको बिबिए सङ्कायले उपाधि जितेको कार्यक्रमका संयोजक प्राध्यापक सुशील भट्टराईले बताए ।

प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो भएकालाई प्रमुख अतिथि उपप्रमुख आलमले शिल्ड र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा क्याम्पस प्रमुख उमेशकुमार चौरसिया, लेखाप्रमुख गुञ्जन सिंह, सन्तोष गुप्ता, उपप्रमुखका स्वकीय सचिव शेष हजरा, महानगरका कर्मचारी कमल महतो, नेकाका धर्मराज यादव, राहुल गुप्तालगायतको सहभागिता थियो ।

## प्रथम मेयर केशर मानन्धर स्मृति फूटबल प्रतियोगिताको उपाधि साउथ जोनलाई

प्रस, वीरगंज, १३ फागुन/

भेट्रान्स सिटी क्लब, वीरगंजको आयोजनामा आदर्शनगरमा सम्पन्न वीरगंजका प्रथम मेयर केशर मानन्धर स्मृति विद्यालयस्तरीय फूटबल प्रतियोगिताको उपाधि साउथ जोनले जितेको छ ।

आदर्शनगर रङ्गशालामा शनिवार सम्पन्न फाइनल खेलमा एकका विरुद्ध चार गोलअन्तरले साउथ जोनले मूनलाइट माविलाई पराजित गरी उपाधि जितेको हो ।

## सितेरियो कराँतेको उपाधि सिमरा डोजोलाई

प्रस, जीतपुर, १३ फागुन/

जीतपुरसिमरा उपमहानगरपालिकामा हिजोदेखि सञ्चालित सातौं सितेरियो कराँते प्रतियोगिताको उपाधि सिमरा डोजोले जितेको छ ।

प्रतियोगिता जीतेसँगै सिमरा डोजोले नगद १५ हजार, शिल्ड र छवटा स्वर्णपदक हात पाऱ्यो ।

दोस्रो भएको जीतपुर डोजोले नगद १० हजार, शिल्ड र पाँचवटा स्वर्णपदक जित्यो । यसैगरी, तृतीय हुने श्रीराम साह नेतृत्वको जीतपुर डोजोले पाँच हजार नगद, शिल्ड र तीनवटा स्वर्णपदक जितेको आयोजक जीतपुर डोजोका अध्यक्ष मनोजकुमार साहले बताए ।

प्रतियोगिताका विजेता, उपविजेताहरूलाई २८ नं वाहिनी अड्डाका वाहिनीपति सहायकरथी सानुकाजी थापाले नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए । उनले खेलमा अनुशासनको महत्त्वपूर्ण भूमिका हुने भन्दै खेलाडीहरूलाई अनुशासित भएर खेल्न सुझाव दिए । उनले खेल्ने व्यक्ति नै जित्ने र हार्ने हुँदा आज हारेका व्यक्ति भोलि जित्न सक्ने बताए ।

## प्रथम पर्सागढी मेयरकप फूटबल प्रतियोगिता शुरू

### उद्घाटन खेलमा वीरगंज युनाइटेड कलब विजयी

नरेश यादव, पर्सागढी, १३ फागुन/

पर्सागढी नगरपालिकाको सहयोगमा मिर्मिरे युवा क्लब सबैयाटाँडीको आयोजनामा शनिवारदेखि प्रथम पर्सागढी मेयरकप फूटबल प्रतियोगिता शुरू भएको छ ।



तस्वीरः प्रतीक

क्लबका अध्यक्ष सुरजकुमार मानन्धरको अध्यक्षतामा भएको प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख गोकर्ण पाठकले खेल जीवनका लागि अति आवश्यक भएको बताए । उनले खेलले जीवनशैली स्वस्थ बनाउने, अनुशासन र आत्मीयता अनि समाजप्रति उत्तरदायी बनाउने बताए । उद्घाटन कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, वडासदस्य राजकुमार गुरुङ, समाजसेवी रामाश्रे रामलगायतको सहभागिता थियो ।

आज भएको उद्घाटन खेलमा वीरगंज युनाइटेड कलबले गोर्खा फूटबल एकेडेमी, हरिवनलाई पराजित गऱ्यो । शून्यका विरुद्ध छ गोलअन्तरले वीरगंजले गोर्खा फूटबल एकेडेमीलाई पराजित गरेको थियो । यस खेलको 'म्यान अफ दी म्याच' वीरगंजका अमन डङ्गोल घोषित भए । उनलाई नगरप्रमुख पाठकले नगद पुरस्कार दुई हजार प्रदान गरेका थिए ।

## कर्मचारी प्रिमियर लिगको उपाधि पकाहामैनपुरलाई

प्रस, पोखरिया, १३ फागुन/

जगदम्बा सिमेन्ट, सर्वोत्तम स्टील र नेपाल मेडिसिटी वयोधाको सहयोगमा सक्सेस लोकसेवा इन्स्टिच्युटद्वारा बाराको प्रसौनी खेलमैदानमा आयोजित कर्मचारी प्रिमियर लिग क्रिकेट प्रतियोगिताको फाइनल खेलमा पर्साको पकाहामैनपुर



तस्वीरः प्रतीक

गाउँपालिकाले कालिकामाई गाउँपालिकालाई दुई विकेटअन्तरले पराजित गरी उपाधि जित्न सफल भएको छ ।

कालिकामाई गापाले पकाहामैनपुर गापालाई १२२ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्यलाई हासिल गर्न पकाहामैनपुरले आठ विकेटको नोक्सानीमा १२३ रन बनाइ विजयी भएको थियो ।

विजयी टीमका खेलाडीलाई सङ्घीय कृषिमन्त्री ज्वालाकुमारी साह र कलैयाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले पुरस्कार प्रदान गरेका थिए ।